म.प.बै.सं. २२/०८३

## संवत् २०८३ साल साउन ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः गणेश नेपालीको आत्मदाह घटनाको सत्यतथ्य पत्ता लगाउन उच्च अदालतका पूर्व न्यायाधीश श्री केशव प्रसाद बास्तोलाको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्ने सम्बन्धमा गठित समिति र मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलनका प्रतिनिधिबिच भएको सम्झौता अनुमोदन गर्ने।

३. अर्थ मन्त्रालयः आर्थिक ऐन, २०८३ को दफा १६ बमोजिम लगाइएको शिक्षा समता शुल्क र दफा १७ बमोजिम लगाइएको स्वास्थ्य समता शुल्क पूर्ण रूपमा छुट दिने।

४. अर्थ मन्त्रालयः संवत् २०८३ साल साउन १ गतेदेखि लागु हुने गरी राष्ट्रसेवक कर्मचारी तथा सार्वजनिक पदाधिकारीहरूको तलबमान स्वीकृत गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत नियमन आयोगको अध्यक्ष पदमा डा. रामप्रसाद धिताल, सिन्धुपाल्चोक; सदस्य पदमा श्री जयराज भण्डारी, काठमाडौं (अर्थशास्त्र/व्यवस्थापन क्षेत्र); श्री लोकराज पाठक, काठमाडौं (इन्जिनियरिङ क्षेत्र) र श्री बलराम सिलवाल, धादिङ (व्यवस्थापन क्षेत्र) लाई नियुक्त गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री ध्रुवराज नन्दलाई, राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री अन्जु उप्रेती ढकाललाई र राजस्व न्यायाधिकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री दिपेन्द्रबहादुर बमलाई तोक्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत सुर्खेतका माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारीलाई तोक्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः विशेष अदालत काठमाडौंको अध्यक्ष पदमा उच्च अदालत तुलसीपुरका माननीय न्यायाधीश श्री वासुदेव आचार्यलाई तोक्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः माननीय जिल्ला न्यायाधीश श्री भिष्मराज प्रसाईलाई Multiple Myeloma रोगको उपचारको लागि प्रचलित कानूनबमोजिम थप आर्थिक सहायता उपलब्ध गराउने।

१०. कृषि, वन तथा पर्यावरण मन्त्रालयः स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत सशस्त्र वन रक्षकहरूलाई निरन्तरता दिने।

११. गृह मन्त्रालयः गैरकानूनी रूपमा नेपाल बसोबास गर्दै आएका १६ जना विदेशी नागरिकहरूलाई नेपालको प्रचलित कानूनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवाना दस्तुर मिनाहा गरी निष्कासन गर्ने।

१२. गृह मन्त्रालयः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख पदमा डा. धर्मराज उप्रेती, डडेल्धुरालाई नियुक्ति गर्ने।

१३. परराष्ट्र मन्त्रालयः कतारका पूर्वअमिरको निधनमा नेपाल सरकारको तर्फबाट समवेदना व्यक्त गर्न २०८३ असार ३० देखि ३२ गतेसम्म सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवको नेतृत्वमा कतारको औपचारिक भ्रमणमा सहभागी नेपाली प्रतिनिधिमण्डलको भ्रमण समर्थन गर्ने।

१४. परराष्ट्र मन्त्रालयः इजिप्ट, अष्ट्रिया, बहराइन, बङ्गलादेश, म्यानमार र ब्राजिलमा कार्यरत नेपाली राजदूतहरूको पदावधि थप गर्ने।

१५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गुठी संस्थानको प्रशासक पदमा श्री शैलेश राज कुँवर, काठमाडौंलाई नियुक्ति गर्ने।

१६. विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयः विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८५ साल भदौ मसान्तसम्मको लागि पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय नियमित हवाई उडानमा पार्किङ, ल्याण्डिङ र न्याभिगेसन शुल्क पूर्णरूपमा र ग्राउण्ड ह्याण्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिन स्वीकृति प्रदान गर्ने।

१८. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री लोकनाथ पौड्यालले २०८३ साउन ७ गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

१९. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. गोविन्द प्रसाद शर्माले दिनुभएको राजीनामा स्वीकृत गर्ने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२०. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री वीरेन्द्र कुमार यादवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गर्ने।

**म.प.बै.सं. २३/०८३**

**संवत् २०८३ साल साउन १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ को अनुसूची हेरफेर गर्ने।

३. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को मध्यमकालीन खर्च संरचनाको अर्थ विविध ६०२ अनुदान सङ्केतमा प्रविष्ट भएको नियमित भन्दा बढी अनुमानित सीमालाई चालु आर्थिक वर्षको विनियोजन र खर्च क्षमतासमेतको आधारमा सङ्घीय संसदमा पेश भएको सीमामा फरक नपर्ने गरी राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले मन्त्रालयगत सीमा पुनरावलोकन गर्ने।

४. अर्थ मन्त्रालयः सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अधिकृतलाई विदेशी विनिमयसम्बन्धी कसूरको अनुसन्धान अधिकारी तोक्ने।

५. अर्थ मन्त्रालयः नेपालको निजी क्षेत्रमा लगानी गर्ने गरी आगामी १० वर्षको अवधिभित्र अन्तर्राष्ट्रिय ऋण बजारमा बिक्री गरिने नेपाली रुपियाँ अंकित अफशोर बण्ड (NPR denominated Offshore Bonds) जारी गरी क्रमशः अधिकतम अमेरिकी डलर २०० मिलियन बराबरको रकमसम्म ऋण उठाउन अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) र एसियाली विकास बैंकलाई स्वीकृति प्रदान गर्ने।

६. अर्थ मन्त्रालयः नेपाललाई हाल प्राप्त भईरहेको एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशकको पदमा १५ जुलाई, २०२७ सम्मका लागि सहसचिव डा. धनिराम शर्माको नियुक्तिका लागि मनोनयन गर्ने।

७. अर्थ मन्त्रालयः कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः खानी तथा खनिज पदार्थसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८३ भदौ ३० देखि असोज १ गतेसम्म गणतन्त्र कोरियाको सिओलमा आयोजना हुने Global Infrastructure Cooperation Conference, 2026 को बैठकमा माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री विराज भक्त श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

११. कृषि, वन तथा पर्यावरण मन्त्रालयः २०८३ भदौ ६ देखि १२ गतेसम्म मंगोलियाको उलनबाटोरमा आयोजना हुने Seventeenth Session of the Conference of the Parties of the United Nations Convention to Combat Desertification (UNCCD CoP 17) मा सहभागी हुन कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा.राजेन्द्र प्रसाद मिश्रलाई स्वीकृति प्रदान गर्ने।

१२. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

१३. गृह मन्त्रालयः झुट्टा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट प्राप्त गरेको वंशजको आधारको जवाहिर धोवीको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

१४. परराष्ट्र मन्त्रालयः राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

१५. पूर्वाधार विकास मन्त्रालयः रेल सञ्चालनका लागि तालिमप्राप्त दक्ष जनशक्ति, मर्मत-सम्भारको कार्य र सोको लागि आवश्यक उपकरण एवं मालसामान भारत सरकार स्वामित्वको कोंकण रेल्वे कर्पोरेसन लिमिटेडसँग सरकार तथा सरकार प्रक्रियाबाट खरिद गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

१६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहसचिव श्री कमल प्रसाद भट्टराईलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमति प्रदेशको रिक्त प्रमुख सचिवको पदमा कामकाज गर्ने गरी कायम मुकायम मुकरर गर्ने।

१७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहसचिवद्वय श्री शिवादेवी दाहाल र श्री लोक प्रसाद न्यौपानेको राजीनामा स्वीकृत गर्ने।

१८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिको सदस्य पदमा श्री खेट राज दाहाल, सिन्धुलीलाई मनोनयन गर्ने।

१९. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहसचिव श्री टेक नारायण पौडेलको राजीनामा स्वीकृत गर्ने।

२०. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका २३ जना सहसचिवहरूको सरुवा गर्ने।

२१. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

२२. युवा, श्रम तथा रोजगार मन्त्रालयः बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२३. रक्षा मन्त्रालयः भारतीय नवनियुक्त स्थल सेनाध्यक्ष General Dhiraj Seth, PVSM,UYSM,AVSM लाई नेपाली सेनाको मानको खातिर महारथी (Honorary General) को उपाधि प्रदान गर्नको लागि २०८३ साउन ३१ देखि भदौ ४ गतेसम्म नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने।

२४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी हरि बहादुर विश्वकर्मालाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गर्ने।

२५. शिक्षा तथा खेलकुद मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा तोडफोड र आगलागी भई क्षति भएका शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीको जिन्सी सामग्रीहरू मिनाहा गर्ने।

२६. शिक्षा तथा खेलकुद मन्त्रालयः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२७. सूचना तथा सञ्चार मन्त्रालयः राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२८. सूचना तथा सञ्चार मन्त्रालयः दूरसञ्चार विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः आन्तरिक वायुसेवाको दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

३०. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशक पदमा प्रा.डा. आशिष गोविन्द अमात्य, ललितपुरलाई नियुक्ति गर्ने।

३१. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री हरिप्रसाद मैनालीले २०८३ साउन १९ गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३२. सर्वोच्च अदालतका रजिष्ट्रार श्री मानबहादुर कार्कीले दिनुभएको राजीनामा स्वीकृत गर्ने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३३. सूचना तथा सञ्चार मन्त्रालयका सचिव श्री लक्ष्मीकुमारी बस्नेतलाई राष्ट्रिय तथ्याङ्क कार्यालयको सचिवमा; सचिव श्री राधिका अर्यालताई अतिरिक्त समूहबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशको प्रमुख सचिवमा; राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी श्री कमल प्रसाद पोखरेल (शर्मा)लाई सूचना तथा सञ्चार मन्त्रालयको सचिवमा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशका प्रमुख सचिव श्री बाबुराम अधिकारीलाई अतिरिक्त समूहमा सरुवा गर्ने।

**म.प.बै.सं. २४/०८३**

**संवत् २०८३ साल साउन २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा श्री याङकी उक्याव, काठमाडौंलाई नियुक्ति गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल ट्रष्टको सञ्चालक समितिको सदस्यमा श्री ध्रुव चालिसे, पाल्पालाई नियुक्ति गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक पदमा श्री नागेन्द्र साह, धनुषालाई नियुक्ति गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः एसियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institutions- CALI) को सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

७. कृषि, वन तथा पर्यावरण मन्त्रालयः पशु वधशाला र मासु जाँच ऐन, २०५५ प्रारम्भ गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने।

८. कृषि, वन तथा पर्यावरण मन्त्रालयः कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको एक करोड रुपियाँसम्मको प्रिमियममा प्रति बीमालेख ८० प्रतिशत र एक करोड रुपियाँ भन्दा माथिको अतिरिक्त बीमाङ्क रकमको हकमा प्रति बीमालेख ५० प्रतिशत अनुदान कायम गर्ने।

९. गृह मन्त्रालयः सुनसरी र सिराहा घटनाका मृतकका परिवारलाई प्रति परिवार दश लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने।

१०. पूर्वाधार विकास मन्त्रालयः उच्च अदालत पाटनबाट ०८०-WO-२१६७ को मुद्दामा मिति २०८१/०४/२३ मा भएको परमादेशको आदेशबमोजिम काठमाडौं चक्रपथ सुधार योजनाबाट काठमाडौं महानगरपालिका वडा नं १५ को करिब २०८.६६ व. मी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

११. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः कालिकोट जिल्ला, साविक मान्म गा.वि.स. वडा नं. ५ मा रहेको दश हजार वर्गमीटर सरकारी जग्गा आयुर्वेद स्वास्थ्य केन्द्र, मान्म, कालिकोटको भवन निर्माणको लागि उपयोग गर्न स्वीकृति दिने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका तीन जना सहसचिवहरूको सरुवा गर्ने।

१३. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः बालबालिका सम्बन्धी (पहिलो संशोधन) विधेयक २०८३ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राड सेवाका महासेनानी रक्षा के.सी. र सैनिक हवाई सेवा, हवाई सम्भार समूहका महासेनानी खडेन्द्र कुमार पाण्डेको पदावधि थप गर्ने।

१५. रक्षा मन्त्रालयः २०८३ भादौ १ देखि ८ गतेसम्म उपरथी श्री प्रकाश राज थापालाई मित्रराष्ट्र चीन भ्रमणमा सहभागी हुन स्वीकृति दिने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका पाँच जना सहायक रथी र एक जना महासेनानीको सरुवा गर्ने।

१७. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना २०८६ साल चैत मसान्तभित्र निर्माण सम्पन्न गर्ने।

१८. रक्षा मन्त्रालयः २०८३ असोज ५ देखि ८ गतेसम्म न्यूजिल्याण्डको अकल्याण्डमा आयोजना हुने सेमिनारमा सहभागी हुन रथी श्री प्रदीप जंग के.सी. लाई स्वीकृति दिने।

१९. शिक्षा तथा खेलकुद मन्त्रालयः विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष पदमा प्रा. डा. खड्ग बहादुर के. सी., पर्वत र सचिव पदमा प्रा. डा. रोजी श्रेष्ठ, भोजपुरलाई नियुक्ति गर्ने।

२०. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः नेपाल फार्मेसी परिषद्को रजिष्ट्रार पदमा श्री हरिश सिंह थापा, बैतडीलाई नियुक्ति गर्ने।

२१. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः नेपाल नर्सिङ परिषद्को रजिष्ट्रार पदमा श्री पार्वती बिष्ट, काठमाडौंलाई नियुक्ति गर्ने।

२२. गणेश नेपालीले आत्मदाह गरेको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री केशवप्रसाद बास्तोलाको संयोजकत्वमा गठित न्यायिक समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने।

**म.प.बै.सं. २५/०८३**

**संवत् २०८३ साल साउन २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्यलाई अष्ट्रियाको भियनामा आयोजना हुने Seventh Plenary Meeting of the Global Operational Network of Anti-Corruption Law Enforcement Authorities (GLOBE Network) विषयक बैठकमा २०८३ भदौ ९ देखि १२ गतेसम्म सहभागी हुन स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः महान्यायाधिवक्ता डा. नारायण दत्त कडेललाई सिंगापुरमा आयोजना हुने Chief Legal Advisors Forum मा २०८३ भदौ १० र ११ गते सहभागी हुन स्वीकृति दिने।

३. अर्थ मन्त्रालयः जेनजी आन्दोलनका शहीद परिवार, अति गम्भीर तथा गम्भीर घाइते परिचय-पत्र बाहकहरूले स्वरोजगार प्रयोजनका लागि कारोबार मूल्य पन्ध्र लाख रुपियाँसम्म भएका पेट्रोल/डिजेलबाट सञ्चालन हुने सवारी साधन वा कारोबार मूल्य बीस लाख रुपियाँसम्म भएका विद्युतीय सवारी साधनको आर्थिक वर्ष २०८३/०८४ भित्र गर्ने पैठारीमा लाग्ने कर तथा महसुल पूर्ण रूपमा छुट दिने। साथै, नेपालभित्र पैठारी वा उत्पादन हुने विद्युतबाट सञ्चालन हुने एम्बुलेन्स र शव वाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८३ भदौ २२ देखि २८ गतेसम्म नर्वेमा आयोजना हुने Hydropower Works Building Sustainable, Flexible and Interconnected System विषयक कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव श्री सरिता दवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच सम्पन्न दीर्घकालीन विद्युत् व्यापार सम्झौता जानकारीको लागि प्रतिनिधिसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः २०८२ भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा क्षति भएको मेलमिलाप परिषद्को जिन्सी सामानहरू तथा सवारी साधनहरू मिनाहा गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

८. कृषि, वन तथा पर्यावरण मन्त्रालयः रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ र गौरीशंकर गाउँपालिका वडा नं. ९ मा स्थित गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको वन क्षेत्रको कूल ३८.१७१ हेक्टर वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

९. कृषि, वन तथा पर्यावरण मन्त्रालयः २०८३ भदौ १८ र १९ गते Dili, Timor-Leste मा आयोजना हुने LDC High-Level Ministerial Meeting मा माननीय मन्त्री श्री गिता चौधरीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१०. गृह मन्त्रालयः सुनसरी र सिराहा जिल्लामा प्रदर्शनका क्रममा मृत्यु भएका सुनसरी जिल्लाका ओम प्रकाश मेहता, जय प्रकाश मेहता, रविन्द्र कुमार मेहता र सिराहा जिल्लाका गनेश कुमार यादवलाई शहीद घोषणा गर्ने।

११. परराष्ट्र मन्त्रालयः पोर्चुगल सरकारले काठमाडौंमा स्थापना गर्न लागेको कन्सुलर कार्यालय (Consular Office) को लागि सहमति प्रदान गर्ने।

१२. परराष्ट्र मन्त्रालयः असंलग्न राष्ट्रहरूको पहिलो शिखर सम्मेलन आयोजना भएको ६५औं वर्ष पुगेको अवसरमा २०८३ भदौ १५ र १६ गते सर्बियाको बेलग्रेडमा आयोजना हुने Commemorative High-level Meeting मा सहभागी हुन माननीय परराष्ट्र मन्त्री नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

१३. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः राष्ट्रिय बाल अधिकार परिषद्लाई कायम राख्न स्वीकृति दिने।

१४. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राख्न स्वीकृति दिने।

१५. युवा, श्रम तथा रोजगार मन्त्रालयः वैदेशिक रोजगार बोर्डको सचिवालयको कार्यकारी निर्देशक पदमा श्री निर्मल कुमार उप्रेती, बारालाई नियुक्ति गर्ने।

१६. युवा, श्रम तथा रोजगार मन्त्रालयः युवा, श्रम तथा रोजगार मन्त्रालयअन्तर्गतका निकायहरूको आ.व. २०८३/८४ को लागि अधिकृतस्तरका ७३७ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका प्रमुख सेनानी डा.इन्दिरा आचार्यलाई सोही सेवा, समूहको महासेनानी दर्जामा बढुवा गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूहका सहायक रथी विश्ववन्धु पहाडीलाई सोही सेवा, समूहको उपरथी दर्जामा बढुवा गर्ने।

१९. रक्षा मन्त्रालयः २०८३ साल भदौ ७ देखि ११ गतेसम्म United Nations Multidimensional Integrated Stabilization Mission in the Central African Republic (MINUSCA) मिसन, Central African Republic (CAR) मा तैनाथ शान्ति सेना युनिटहरूको निरीक्षण भ्रमण गर्न नेपाली सेनाका रथी श्री प्रदीप जंग के.सी.लाई स्वीकृति दिने।

२०. शिक्षा तथा खेलकुद मन्त्रालयः सहसचिव श्री युवराज पौडेलको राजीनामा स्वीकृत गर्ने।

२१. २०८३ भदौ ३ गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने सचिव श्री डिल्लीराम शर्मालाई उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२२. सचिव श्री कमल प्रसाद पोखरेल (शर्मा)ले दिनुभएको राजीनामा स्वीकृत गर्ने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२३. सचिव श्री बाबुराम अधिकारीले दिनुभएको राजीनामा स्वीकृत गर्ने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२४. एनसेलको शेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन गर्न पूर्वमहालेखापरीक्षक श्री टंकमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित समितिले पेश गरेको एनसेलको शेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८० सार्वजनिक गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।